**गणतन्त्रका उपलब्धिहरू**

- सङ्घीयताको अभ्यासमार्फत सङ्घ, प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासन व्यवस्था,
- अधिकारसम्म स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा।

**यी उपलब्धिहरूको रक्षा गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०८० जेठ ०९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६२


## विद्यार्थीद्वारा सुवर्ण गापामा तोडफोड, आगजनी, लाखौंको क्षति

प्रस, सिम्रौनगढ, ८ जेठ/

बाराको सुवर्ण गाउँपालिकाको कार्यालयमा सोमवार विद्यार्थीहरूले तोडफोड र आगजनी गरेर लाखौं मूल्यका भौतिक सम्पत्तिमा क्षति पुऱ्याएका छन्।

सुवर्ण गाउँपालिका–४ स्थित हर्दिया परशुरामपुर र देवापुर बहुअर्वा माध्यमिक विद्यालयका प्रधानाध्यापक राजएकबाल साहसहित केही अन्य विद्यालयका शिक्षकहरूलाई सरुवा गरेपछि विरोधमा उत्रेका विद्यार्थीहरूले गापा कार्यालयमा तोडफोड तथा आगजनी गरेका हुन्। उनीहरूले कार्यालयमा रहेका छवटा मोटरसाइकल, एउटा जेसिबी, फर्निचर, कम्प्युटहरू तोडफोड तथा आगजनी गरेका थिए। सो क्रममा प्रहरी पुगेर स्थितिलाई नियन्त्रणमा लिन करीब ३० राउन्ड अश्रुग्याँस फायर गरेको थियो।

जनपद र सशस्त्र प्रहरी टोली आएपछि आक्रोशित विद्यार्थीहरूले ढुङ्गामुढा पनि गरे। प्रहरी र विद्यार्थीहरूबीच भएको झडपमा दुवैतर्फबाट घाइते भएका छन्। घटनामा वडाध्यक्ष रञ्जीत यादव पनि घाइते भएका छन्।

घाइतेहरूको उपचार कलैया अस्पतालमा भइरहेको छ। जिल्ला प्रहरी कार्यालय, बाराले विद्यार्थीहरूले प्रहरीमाथि ढुङ्गामुढा गरेका र








परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले ३० सेल अश्रुग्याँस फायर गरेको बताएको छ।

बारा प्रहरीले घाइतेहरूको उपचार अस्पतालमा भइरहेको र घटनाबारेमा थप अनुसन्धान भइरहेको बताएको छ।

## पर्सा प्रहरीकै सुराकी नै पक्राउ

प्रस, वीरगंज, ८ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले ठगी अभियोगमा पक्राउ परेका अभियुक्तमाथि समात्न लगाए, त्यसपछि उनी समातिएका ती दुईजनाको घरमा पुगेर उनीहरूलाई छुटाउन बार्गेनिङ गर्दै ठगी गरेका थिए।




बरामद रकमसँगै पक्राउ परेका दुवैजना। तस्वीरः प्रतीक

सार्वजनिक तथा अभद्र व्यवहार मुद्दा चलाएर अनुसन्धान गरिरहेको छ।

अभियुक्तसँग मिलेमतोमा मुद्दा हल्का गरी प्रहरीले अनुसन्धान गरिरहेको छ। घटना विवरण अनुसार गत वैशाख २६ गते पर्सा, विन्ध्यवासिनी गाउँपालिका वडा नं ५ प्रसौनीभाठाको पुलनजीकबाट नेपाल प्रहरीले बिआर ०५ एस ४७०२ नम्बरको मोटरसाइकलसहित दुईजना भारतीय नागरिकलाई स्रोत नखुलेको १२ लाख नेपाली रुपैयाँसहित पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा भारत, बिहार, भेलाही निवासी मुन्ना भन्ने धनञ्जयकुमार गुप्ता र मोटरसाइकल चालक मुसाहेब आलम थिए। प्रहरीले उनीहरूमाथि कानूनबमोजिम कारबाही गरिरहेको छ।

तर सोही घटनामा ठगी गरेका दुईजना अभियुक्तमाथि पर्सा प्रहरीले ठगी मुद्दाको सट्टा सार्वजनिक तथा अभद्र व्यवहार मुद्दा दर्ता गरेको छ।

पर्सा प्रहरीलाई स्रोत नखुलेको १२ लाख रुपैयाँ ओसारपोसार भइरहेको छ भन्ने सूचना दिने व्यक्ति हुन्, पर्सा, पकाहामैनपुर गाउँपालिका वडा नं १ धोरे बस्ने मनीष यादव। उनले प्रहरीलाई खबर गरी दुईजनालाई मोटरसाइकलसहित १२ लाख नेरुसहित मनीषले पर्सा प्रहरीका अधिकृतसँग आफ्नो राम्रो सम्बन्ध रहेको भन्दै तीन लाख ४० हजार घूस दिन भनी रकम लिएका थिए।

मनीषसँगै निजका साथी फारूख मियाँले भारतीय नागरिकको परिवारसँग रु तीन लाख ४० हजार लिएर अभियुक्त छुटाउने आश्वासन दिए। तर अभियुक्त नछुटेपछि पक्राउ परेका भारतीय नागरिकका परिवारजनले पर्सा प्रहरीमा उजूरी दिएपछि मनीष यादव र फारूख मियाँ अहिले पर्सा प्रहरीको नियन्त्रणमा छन्।

ठगी गरेको मुद्दामा मुद्दा हल्का गरी सार्वजनिक मुद्दा किन दर्ता भयो भन्ने प्रश्नमा पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले ठगी गरेको प्रमाण फेला नपरेपछि सार्वजनिक मुद्दा दर्ता भएको बताए। उनले अभियुक्तका परिवारसँग प्रहरीको नाम बेचेर ठगी गरेको प्रहरीमा उजूरी आएपछि चार दिन पहिले उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको उनले बताए।

"पीडित पक्षको बयानको आधारमा पक्राउ गरिएको हो, तर तीन लाख ४० हजार नै ठगी गरेको हो भन्ने बलियो प्रमाण फेला नपरेपछि ठगी मुद्दा चलाउन सकिएन," उनले भने।

## श्रीसिया नदी प्रदूषणमुक्त गर्न सरकारको ध्यान जाओस् –सांसद यादव

प्रस, वीरगंज, ८ जेठ/

बारा–पर्सा भएर बग्ने श्रीसिया नदी प्रदूषणमुक्त बनाउन सङ्घ सरकारले केही पनि प्रयास नगरेको भन्दै पर्साका सांसद प्रदीप यादवले सोमवार संसद्मा चर्को विरोध गरे।



प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसद यादवले श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन वीरगंज महानगरपालिकाले प्रयास गरिरहेको तर उसको मात्र एकल प्रयासले सो सम्भव नभएकोले सङ्घ सरकारले सहयोग गर्नुपर्ने माग गरे।

उनले श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन वीरगंज महानगरपालिकाको एकल प्रयास पर्याप्त नभएको भन्दै सङ्घ सरकारले भूमिका खेल्नुपर्ने बताए। उनले श्रीसिया नदी प्रदूषणमुक्त बनाउन महानगरले नदी प्रदूषण गर्ने आसपासका उद्योगहरूलाई पटकपटक जरिवाना गर्दै आएको तर उद्योगहरूले अटेरी व्यवहार गर्दै आएको आरोप पनि लगाए। उनले श्रीसिया नदी प्रदूषणमुक्त बनाउनका लागि अहिले अभियन्ताहरूले नदीको प्रदूषित पानी बोकेर वीरगंज–काठमाडौं पदयात्रा गरिरहेको जानकारी गराउँदै श्रीसिया नदीको सफाइका लागि सङ्घ सरकारले हालसम्म कुनै पहल अगाडि नबढाएकोमा आपत्ति व्यक्त गरे। नदीलाई प्रदूषित बनाउने उद्योगलाई कारबाही गर्न र नदीलाई प्रदूषणमुक्त बनाउन उनले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको ध्यानाकर्षण पनि गराए। अहिले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री पर्साकै सांसद रमेश रिजाल छन्।

यस क्षेत्रका स्थानीय बासिन्दाले श्रीसिया नदी प्रदूषणमा स्थानीय नेता तथा सांसदहरू पनि उत्तिकै दोषी रहेको बताए। उनीहरूले यहाँका नेता तथा सांसदहरूले प्रदूषण फैलाउने ती उद्योगहरूसँग महीनावारी लेबी उठाउने गरेकाले ती उद्योगहरूलाई प्रदूषण नफैलाउन नैतिकरूपमा दबाब दिन नसकेको आरोप लगाए। नेता तथा सांसदहरूले ती उद्योगहरूबाट व्यक्तिगत स्वार्थपूर्ति नगर्ने हो भने श्रीसिया नदी प्रदूषणमुक्त गराउन धेरै समय नलाग्ने पनि स्थानीयको भनाइ छ।

## सामुदायिक विद्यालयका १३ जना शिक्षकसँग स्पष्टीकरण माग

प्रस, वीरगंज, ८ जेठ/

वीरगंज महानगरपालिका कार्यालयले सोमवार पनि महानगरका सामुदायिक विद्यालयहरूको अनुगमन गर्दै अनुपस्थित १३ जना शिक्षकसँग स्पष्टीकरण माग गरेको छ।

नयाँ शैक्षिक सत्र शुरू भएपछि महानगरपालिकाले सामुदायिक विद्यालयको पठनपाठनको अवस्था बुझ्न अनुगमन शुरू गरेको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए।

शैक्षिक सत्र शुरू भएपछि केही विद्यालयहरूको पठनपाठन शिक्षकहरूको अनुपस्थित र अभावका कारण प्रभावित भएको कुरा बाहिर आएपछि नगरप्रमुख राजेशमान सिंहले हिजो केही विद्यालयहरूको अनुगमन गरेका थिए। हिजो एकै दिन एउटै विद्यालयका २४ जना शिक्षकसँग स्पष्टीकरण माग

(बाँकी अन्तिम पातामा)

### स्वयंसेवक शिक्षक माग

वीरगंज महानगरपालिका कार्यालयले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि स्वयंसेवक शिक्षक भर्ना शुरू गरेको छ।

विद्यालयमा शिक्षक अभाव भएको र पठनपाठन प्रभावित भएको भन्दै महानगरले सोमवार स्वयंसेवक शिक्षक भर्नाका लागि सात दिने आवेदन आह्वान गरेको जनाएको छ।

विभिन्न विषयमा आधारभूत तह (६–८)का लागि १०६ जना र मावि तहका लागि ७४ जना शिक्षक माग गरेको छ।

आधारभूत तहमा नेपाली विषयको लागि २९, अङ्ग्रेजी १५, गणित १८, विज्ञान २६, सामाजिक १० र कम्प्युटर विषयका लागि आठजना स्वयंसेवक शिक्षक माग गरिएको सो कार्यालयले जनाएको छ।

यसैगरी, मावि तहका लागि नेपाली विषयको १४ जना, अङ्ग्रेजी १०, गणित १३, विज्ञान १२, सामाजिक १०, स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण दुई, अर्थशास्त्र चार, लेखा दुई, गणित/विज्ञान पाँच र कम्प्युटर दुईजना शिक्षक माग गरेको छ। महानगरले सामुदायिक विद्यालयहरूमा तीन सयजना शिक्षक अभाव रहेको जानकारी गराएको छ।

## छुरा प्रहार गरी हत्या गर्ने कविर पक्राउ

प्रस, रौतहट, ८ जेठ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले जेठ ५ गतेको छुराकाण्डमा संलग्न अभियुक्तलाई पक्राउ गरेको छ।

जेठ ५ गते राति सवा दश बजेको समयमा गौर नपा–७ का ४० वर्षीय शेख कविरले सोही स्थानका ४५ वर्षीय यार महमद खानलाई छुरा प्रहार गरी हत्या गरेका थिए।

छुरा प्रहारबाट घाइते खानको आधा घण्टापछि उपचारको क्रममा मृत्यु भएको थियो।

घटनापछि फरार रहेका कविरलाई सो वडाको रामजानकी मन्दिरबाट पक्राउ गरिएको रौतहट प्रहरीका सूचना



अधिकारी प्रहरी नायब उपरीक्षक उमाशङ्कर यादवले बताए।

सूचना अधिकारी यादवले प्रारम्भिक अनुसन्धानबाट कविरले यार महमदलाई पुरानो इबीका कारण छुरा प्रहार गरेको पाइएको बताए। उनले पक्राउ परेका कविरलाई रौतहट जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको बताए।

### विचारसार र सुक्तिहरू

**सम्बन्ध राम्रो बनाउनुस्, तर निर्वाह अझ राम्ररी गर्नुस्। मानिस सर्वोत्तमको खोजीमा राम्रो पनि गुमाउन पुग्छन्।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# फेरि प्लास्टिकको झोला

**आउँदो आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले प्लास्टिकका झोला प्रयोगमा रोग लगाउने जनाएको छ। उक्त कार्य कार्बन उत्सर्जन कटौती र जलवायु परिवर्तनका मुद्दामा महत्त्वपूर्ण हुने सरकारको दाबी छ। तर यो घोषणा नौलो भने होइन। सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा पनि ४० माइक्रोनभन्दा पातलो प्लास्टिकका झोला उत्पादन, आयात, बिक्री र प्रयोगमा पूर्णरूपमा प्रतिबन्ध लगाउने घोषणा गरेको थियो। २०६८ सालयता मात्रै सरकारले तीनपटक प्लास्टिकका झोलामाथि प्रतिबन्ध लगाउने निर्णय गरिसकेको छ, योसमेत अब चारपटक हुन्छ। तर निर्णय कार्यान्वयन हुन सकेन। गत आवको बजेट वक्तव्यमा २०७८ साउन १ गतेदेखि प्लास्थिकका झोलामा प्रतिबन्ध लगाउने स्पष्ट उल्लेख थियो। सरकारले बजेटमा घोषणा गरे पनि कोरोना महामारीका कारण प्रतिबन्ध कार्यान्वयन हुन नसकेको स्पष्टीकरण दिएको थियो। पछिल्लोपटक सर्वोच्च अदालतको आदेशलाई समेत मध्यनजर गरी ठोसरूपले अगाडि बढ्न सरकार तयार भएको जनाएको छ।**

**सरकारले पटकपटक घोषणा मात्र गर्ने तर कार्यान्वयन नगरेपछि निर्णय कार्यान्वयनको माग गर्दै सर्वोच्चमा रिट परेको थियो। रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले मुख्य सचिवको अध्यक्षतामा एउटा समिति गठन गरेर निर्णय कार्यान्वयन गर्न २०७८ साउन २८ गते आदेश जारी गर्‍यो। कार्यान्वयनको अवस्थाबारे हरेक तीन महीनामा प्रगति प्रतिवेदन सर्वोच्चमा बुझाउन पनि समितिलाई सर्वोच्चको आदेश थियो। यो आदेशपछि सरकारले २०७८ असोज १९ मा राजपत्रमा सूचना प्रकाशन गरेर ४० माइक्रोनभन्दा पातला प्लास्टिकका झोलामा प्रतिबन्ध लगायो। तर मुख्य सचिव अध्यक्ष रहेको समितिको बैठक बस्न पनि सकेन। सरकारले २०६८ सालमा पहिलोपटक प्लास्टिकको झोला नियमन तथा नियन्त्रण निर्देशिका पनि ल्याएको थियो। त्यो निर्देशिका कार्यान्वयन भएन। प्लास्टिकका झोला उत्पादनकर्ता व्यवसायीहरूको दबाबका कारण प्लास्टिकका झोलामा प्रतिबन्धको निर्णय कार्यान्वयन हुन नसकेको भन्ने टिप्पणी आएका छन्। सरकारको निर्णय कार्यान्वयनको लागि आवश्यक कानून नहुनु पनि अर्को महत्त्वपूर्ण कारण हो। यसैगरी, सरकारले दोस्रोपटक २०७२ वैशाख १ गतेदेखि काठमाडौं उपत्यकाभित्र र २०७५ सालमा वन तथा वातारण मन्त्रालयले वातावरण संरक्षणका लागि सार्वजनिक गरेको १०० बुँदे प्राथमिकतामा प्लास्टिकका झोला नियन्त्रणलाई राखेको थियो। त्यो पनि घोषणामैं सीमित रह्यो। वातावरण विभागले पनि धेरैपटक यस्तो घोषणा गरिसकेको छ। पछिल्लोपटक २०७९ साउन १० गते विभागले सूचना प्रकाशित गरी ४० माइक्रोनभन्दा पातला प्लास्टिकका झोला प्रतिबन्धको घोषणा कडाइका साथ कार्यान्वयन गर्ने जनाएको थियो।**

**नेपालमा दैनिक २०४ टन प्लास्टिकजन्य फोहोर उत्पादन हुने अनुमान छ। त्यसमध्ये करीब १३१ टन फोहोर मात्र डम्पिङ साइटमा पुग्छ। बाँकी प्लास्टिकजन्य फोहोर खोला, नदी र खेतबारी तथा सडक किनारामा यत्रतत्र छरिन्छ। काठमाडौंमा मात्र दैनिक १० लाख प्लास्टिकका झोला प्रयोग भइरहेको अनुमान छ। सरकारले अनुगमन गर्ने र कारबाईमा कडाइ गर्नु जरुरी छ। आवश्यक कानून निर्माणतर्फ सरकारको चासो देखिएन। जेहोस्, प्लास्टिकका झोलामा प्रतिबन्ध लगाउने कुरा सरकारको नीति तथा कार्यक्रममा फेरि आएको छ। यसलाई तुहिन दिनुहुन्न।**

(सन्दर्भ शहीदी दिवस)

# शहीदहरूका शिरमौर्य श्रीगुरु अर्जुनदेवको जीवनयात्रा

**तेरा किआ मीठा लागै।**
**हरि नाम पदारथ नानक मांगे।**
– आसा महला ५ (गुरुग्रन्थ साहेब ३९४)

यो एक यस्ता वीर, साहसी तथा वाहेगुरुजीका प्यारा व्यक्तिको जीवन गाथा हो, जसले सिख धर्ममा शहादतको परम्परालाई नयाँ आयाम दिए र प्रमाणित गरे कि असल कार्यको लागि यदि प्राणको आहुति दिनुपरे पनि करतारको आज्ञा सम्झेर पछि नहट्नु।


‘यासा व सियास्त’ कानून अन्तर्गत बादशाह जहाँगीर सजाय दिएपछि फलामको तातो तावामा बसेका श्रीगुरु अर्जुनदेवजी।

सिख पन्थका पञ्चम गुरु अर्जुनदेवजी महाराजको स्वरूपको यदि पूर्ण बयान गर्ने हो भने शब्द अपुग हुनेछ। यो गागरमा सागर भर्ने प्रयास मात्र हो।

श्रीगुरु अर्जुनदेवजी सिख धर्मका पाँचौं गुरु तथा सिख धर्मका प्रथम गुरु शहीद थिए। उनको जन्म १५ अप्रैल १५६३ (१६२० वैशाख १९)का दिन गोइन्दवाल साहेब जिल्ला अमृतसर भारतमा भएको थियो। उनका पिताको नाम श्रीगुरु रामदासजी तथा माताको भानीजी थियो। उनको विवाह १५७९ जुलाई ६ (१६३५ असार २३)मा गङ्गादेवीजीसित भएको थियो। उनका पुत्र श्रीगुरु हरगोविन्दजी थिए। श्रीगुरु अर्जुनदेवजीको गुरुकाल सेप्टेम्बर १, १५८१ देखि मे ३०, १६०६ (आश्विन २, १६३८ देखि असार २, १६६३)सम्म रह्यो।

श्रीगुरु अर्जुनदेवजी महाराजको जन्म यस धरतीको उद्धारको लागि श्रीगुरु रामदासजीको घर गोइन्दवालमा भएको हो। शैशवावस्थादेखि नै उनलाई धर्म तथा परमात्मासित लगाव थियो, किनभने यिनको पालनपोषण बहुतै आध्यात्मिक वातावरणमा भएको थियो। सानैदेखि असाध्य शान्त स्वभाव तथा भक्ति भावनामा विश्वास गर्ने श्रीगुरु अर्जुनदेवजी महाराजको मुहारमा परमात्माको उज्यालो थियो, जसलाई देखेर नै तेस्रो गुरुसाहेब श्रीगुरु अमरदासजी महाराजले भविष्यवाणी गरे कि आउने समयमा यो सानो बालकले निकै उच्च वाणीको रचना गर्नेछ।

एक समयको कुरा हो, जब बाला तथा कृष्णा पण्डित सुन्दर कथा भनेर मानिसलाई ज्ञानमार्ग देखाउने गर्दथे एवं सबैको मनलाई शान्ति प्रदान गर्ने गर्दथे। एक दिन उनीहरू श्रीगुरु अर्जुनदेवजीको दरबारमा उपस्थित भएर प्रार्थना गर्न थाले– “हे महाराज ! हाम्रो मनले शान्ति पाएन, कृपया तपाईं यस्तो कुनै उपाय बताउनुस्, जसले हामीलाई शान्ति प्राप्त होस्।” श्रीगुरु अर्जुनदेवजीले हुकुम गरे– “तपाईंहरू स्वयम् अरूलाई शान्तिको मार्ग देखाउनुहुन्छ। तपाईंहरू जुन उपदेश अरूलाई दिनुहुन्छ, त्यही आफ्नो जीवनमा लागू गर्नुस्, आफ्नो कथनमा पत्यार गर्नुस्। परमपिता परमात्मालाई आफूसँगै जानेर उनको याद गर्नुस्। करतारले भलो गर्नेछन्। यदि तपाईंहरूले मोहमाया तथा धन मात्र जम्मा गर्ने लोभले कथा भन्ने हो भने तपाईंहरूको मनमा शान्ति कहिले हुनेछैन। किनभने तपाईंको मनभित्र लोभको राक्षसले आफ्नो माया फिंजाउँदै जानेछ, जसले तपाईंलाई दु:खी मात्र पार्छ। आफ्नो प्रभुको कथा निस्स्वार्थ भावनाले भन्नुस्, अनि तपाईंलाई साँचो शान्ति मिल्नेछ।” त्यस दिनपछि उनीहरूले गुरुसाहेबको वचन पालना गरे र साँचो शान्तिको खोजमा लागे।

> **गुरुघरमा पाहुनाको स्वागत सम्मान भयो तथा सिख परम्परा अनुसार आशीर्वाद दिइयो। यसै कारण जहाँगीरले भए नभएको आरोप लगाएर गुरुजीलाई गिरफ्तार गर्ने आदेश दिए। शान्तिप्रिय गुरुजी स्वयम् लाहौर पुगे। गुरुजीविरुद्ध खुसरोलाई मदत गर्ने तथा बादशाहसित विद्रोह गरेको दोष लगाइयो।**

एक दिन गद्दीमा विराजमान छँदा श्रीगुरु अर्जुनदेवजीको मनमा विचार आयो कि सबै गुरुको वाणी सङ्कलन गरी एउटा पवित्र ग्रन्थ बनोस्। त्यस समय नानक वाणीको मूल प्रति श्रीगुरु अर्जुनदेवजीका मामा मोहनजीसँग थियो। उनले त्यो प्रति लिन भाइ गुरदासजीलाई मोहनजीकहाँ पठाए। मोहनजीले दिन मान्नुभएन। त्यसपछि भाइ बुङ्काजी (पन्थका वरिष्ठ महापुरुष) गए, उनी पनि खाली हात फर्के। तब श्रीगुरु अर्जुनदेवजी स्वयम् उनको घर पुगे। घरका सेवकले उनलाई घरमा प्रवेश गर्न रोके। गुरुसाहेबजी द्वारमैं बसेर गीतको लयमा मामासित विनती गर्न थाले। मामा मोहनजीले उनलाई धेरै हप्काए, अनि ध्यान गर्न गए। गुरुसाहेबजीको सङ्कल्प त पक्का थियो। उनी गीत गाउँदै रहे। उनको धैर्य, विनम्रता तथा जिद्दी भावना देखेर मामाजीको मन पग्ल्यो र बाहिर आएर भने– “पुत्र ! यो पवित्र नानकवाणीको मूलप्रति म तिमीलाई दिन्छु, किनभने तिमी नै यसको सही पात्र हौ।”

सन् १५८१ मा गुरु अर्जुनदेवजीलाई श्रीगुरु रामदासजीले गुरुगद्दीको मान बख्से तथा गुरुसाहेबजी सिखहरूको पञ्चम गुरु बने। उनले नै अमृतसरमा दरबार साहेब गुरुद्वाराको जग राख्न लगाए, जसको शिलान्यास गुरुसाहेबजीले मुसलमान फकीर साईं मियाँ मीरजीसित गराएर धर्मनिरपेक्षताको प्रमाण दिए।

कसैकसैको मत छ कि गुरुद्वारासाहेबको नक्शा स्वयम् श्रीगुरु अर्जुनदेवजीले बनाएका थिए। यसपछि श्रीगुरु अर्जुनदेवजीले सबै गुरुको वाणी तथा अन्य धर्मका सन्त–भक्तहरूको शब्द (भजन) सङ्कलित गरी एउटा ग्रन्थ बनाए, जसको नाम श्री आदिग्रन्थ राखे तथा उक्त ग्रन्थलाई हरमन्दिरसाहेब, दरबारसाहेबमा स्थापित गराए।

यतिमात्र हैन, गुरुजीले स्वयंबाट उच्चारित ३० रागमा लगभग दुई हजार२१६ पवित्र शब्द पनि श्रीगुरुग्रन्थसाहेबमा समावेश गरे। यसबाहेक यस पवित्र ग्रन्थमा भक्त कबीर, बाबा फरीद, सन्त नामदेव, सन्त रविदासजस्ता सन्त–महात्माहरूको शब्द पनि सम्मिलित गराए। आफ्ना पवित्र वचनहरूबाट संसारलाई उपदेश दिने गुरुसाहेब ४३ वर्ष मात्र बाँचे। उनले सतीप्रथा, जातपात जस्ता सामाजिक कुरीतिको डटेर विरोध गरे। उनी आध्यात्मिक चिन्तक एवं उपदेशकका साथै समाज सुधारक पनि थिए। श्रीगुरु अर्जुनदेवजीको शहादत अतुलनीय छ। उनलाई शहीदहरूको शिरमौर्य भनिन्छ। सिख धर्ममा गुरुहरूमध्ये सबैभन्दा पहिलो शहादत श्रीगुरु अर्जुनदेवजी को थियो। शान्तिका पुञ्ज, शहीदहरूका शिरमौर्य, श्रीगुरु अर्जुनदेवजीलाई मुगल बादशाह जहाँगीरले अकारण शहीद बनाए।

बादशाह अकबरको मृत्युपछि हिन्द देशका नयाँ बादशाह उनका पुत्र जहाँगीर बने। त्यस समय गुरुसाहेबको जनतामा धेरै लोकप्रियता थियो, जुन बादशाहलाई मन परेको थिएन। बादशाह चाहन्थे कि हिन्दको धरतीमा मात्र इस्लाम धर्म फस्टाओस्। यस कारण उनी अन्य धर्मावलम्बीहरूलाई जबरजस्ती धर्म परिवर्तन गराउँथे। श्रीगुरुसाहेबलाई यो अन्याय बिल्कुल स्वीकार्य थिएन।

लाहौरका दिवान चन्दू गुरुसाहेबका पुत्र गुरु हरिगोविन्दसाहेबसित आफ्नी छोरीको विवाह गराउन चाहन्थे। गुरुजी नमानेपछि चन्दू गुरुजीको द्रोही बनेको थियो। चन्दूले पनि गुरुजीविरुद्ध कुप्रचार गर्न थालेको थियो। उता जहाँगीरका कान्छा छोरा शहजादा खुसरोले आफ्ना पिताविरुद्ध बगावत गरिसकेका थिए, जस कारण जहाँगीरले खुसरोलाई गिरफ्तार गर्ने हुकुम दिएका थिए। खुसरो भयभीत भएर पञ्जाबतिर भागे। जहाँगीर स्वयम् उनको पीछा गरिरहेका थिए। ज्यान बचाउँदै खुसरो तरनतारन भन्ने स्थानमा गुरुसाहेबकहाँ पुगे।

गुरुघरमा पाहुनाको स्वागत सम्मान भयो तथा सिख परम्परा अनुसार आशीर्वाद दिइयो। यसै कारण जहाँगीरले भए नभएको आरोप लगाएर गुरुजीलाई गिरफ्तार गर्ने आदेश दिए। शान्तिप्रिय गुरुजी स्वयम् लाहौर पुगे। गुरुजीविरुद्ध खुसरोलाई मदत गर्ने तथा बादशाहसित विद्रोह गरेको दोष लगाइयो। गुरुजी भविष्य जान्दथे, यसै कारण पहिले नै बाल हरिगोविन्द साहेबलाई गुरुगद्दी सुम्पेर शहादत अँगाल्न हिंडे।

जहाँगीरले गुरुजीलाई यातना दिएर मार्ने आदेश दिएर लाहौरका हाकिम मुर्तजा खानलाई सुम्पिदिए। उनले यो काम चन्दूको जिम्मा लगाए।

आफ्नो जीवनी ‘तुजके जहाँगीरी’ मा बादशाह जहाँगीरले श्रीगुरु अर्जुनदेवजीको बारे लेखेका छन्। उनी श्रीगुरु अर्जुनदेवजीको बढ्दो लोकप्रियताबाट आहत थिए, त्यसै कारण गुरुजीलाई मार्ने निर्णय गरेका थिए। ३० मे १६०६ मा जालिम बादशाहले इतिहासको त्यो निर्णय गरे, जुन सुनेर आत्मा काम्न थाल्छ। गुरुसाहेबलाई बादशाहको आदेश अनुसार भीषण गर्मीमा ‘यासा व सियास्त’ कानून अन्तर्गत फलामको तातो तावामा बसाएर शहीद बनाइएको थियो। ‘यासा व सियास्त’का अनुसार कुनै व्यक्तिको रगत धरतीमा नचुहाइ उसलाई यातना दिइन्छ। संसारलाई ‘सरबत दा भला’को उपदेश दिने महापुरुष आज एक यस्तो परिस्थितिमा जेलिएका थिए, जसको कसैलाई अन्दाजसमेत थिएन। गुरुसाहेबको शिरमा बिस्तारैबिस्तारै तातो बालुवा हालियो। यो क्रम तबसम्म जारी रह्यो, जबसम्म गुरुजीको शरीर आगोले भस्म भएन।

जब क्रूर बादशाहलाई लाग्यो कि गुरुजीको शरीर पूर्णरूपले जलिसकेको छ, उनले गुरुसाहेबलाई रावी नदीको चीसो पानीमा नुहाउन पठाए। जहाँ गुरुसाहेबको पावन शरीर अलोप भयो र उनी ज्योतिज्योतमा लीन भए। जहाँ गुरुसाहेबले शरीर त्याग गरेका थिए, त्यहाँ आज डेरासाहेब नामले एउटा पवित्र गुरुद्वारा शोभायमान छ। यो स्थान आज भारतको सीमापारि पाकिस्तानमा पर्छ।

श्रीगुरु अर्जुनदेवजीले आफ्नो जीवनमा मानिसलाई विनम्र रहने सन्देश दिए। जब उनलाई जहाँगीरको आदेशमा आगोको तातो तावामा बसाइयो, त्यस बेला पनि उनी परमेश्वरलाई धन्यवाद दिइरहेका थिए।

**तेरा कीआ मीठा लागै।**
**हरि नामु पदार्थ नानक मांगै॥**

प्रत्येक वर्ष श्रीगुरु अर्जुनदेवजीको शहादत दिवसमा उनको महान् त्यागलाई नमन गर्दै गुरुद्वारासाहेबमा तीन दिनको अखण्ड पाठ गरिन्छ। कथा, कीर्तन दरबार, लङ्गरप्रसाद, चीसो दूधको शर्बत तथा चना गुरुद्वारालगायत विभिन्न स्थानमा श्रद्धालु, भक्तालु तथा सर्वसाधारणलाई वितरण गरिन्छ। यो वर्ष यो दिन २०८० जेठ ९ गते परेको छ। –सेवक: जसपाल सिंह

# शिक्षक महासङ्घको धर्ना शुरू

प्रस, वीरगंज, ८ जेठ/

वीरगंज महानगरसहित पर्साका विभिन्न स्थानीय तहले गरेका सरुवाको विरोधमा शिक्षक आन्दोलित भएका छन्। नेपाल शिक्षक महासङ्घ पर्साको आह्वानमा जिल्लाका विभिन्न स्थानीय तहका शिक्षकहरूले सोमवारदेखि शान्तिपूर्ण साङ्केतिक आन्दोलन शुरू गरेका हुन्। पूर्वघोषित आन्दोलनको कार्यक्रम अन्तर्गत आइतवार पहिलो दिन जिल्लाका सम्पूर्ण विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूले हातमा

(बाँकी अन्तिम पातामा)



तस्वीर: प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# फरकफरक शैलीमा वन क्षेत्र अतिक्रमण
# संरक्षणका लागि सीमाङ्कन जरुरी

प्रस, निजगढ, ७ जेठ/

नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ लागू गरेको १० वर्ष भइसक्यो। विभिन्न कालखण्डमा विभिन्न नाममा गरिएका वन क्षेत्र अतिक्रमणकारीहरूको कब्जाबाट मुक्त गराइ पुनः हराभरा बनाउने उद्देश्य अनुरूप तयार गरिएको यस रणनीतिको सम्रगरूपमा सफलता उन्मुख भने अझैसम्म हुन सकेन।



निजगढ नपा–१० लालमा स्थानीयले अतिक्रमण गरी घेराबार लगाएको वन क्षेत्रको जमीन।

प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएको पनि वर्षौं भइसक्यो। तर जुनै तन्त्र आए पनि वन क्षेत्रको उचित संरक्षण गर्न कुनै मन्त्रले काम गर्न सकेको छैन। ऐन, कानून कागजमा मात्रै सीमित राख्नाले वन क्षेत्रमा प्रत्यक्ष, अप्रत्यक्ष राजनीतिक हस्तक्षेप बढेको पाइन्छ। जसका कारण वन अतिक्रमणकारी, वन चोर तस्कर समूहलाई संरक्षण हुँदा तराई–मधेसका वन क्षेत्र मात्रै होइन, देशभरकै वन अतिक्रमणकारीहरू संरक्षित हुन पुगेका छन्। वन अतिक्रमण गरी बसेकाहरूलाई हटाउन शुरू गऱ्यो कि विभिन्न राजनीतिक दलका निर्वाचित जनप्रतिनिधि तथा अगुवा नेताहरू कसैले सोझै त कसैले घुमाउरो पारामा राजनीतिक दम्भमा डिभिजनल वन अधिकृतहरूलाई अनावश्यक दबाब आउने गरेको वन अधिकृतहरू बताउँछन्।

चौतर्फीरूपमा वन क्षेत्रमा आक्रमण हुँदै आइरहे पनि वन कर्मचारीहरूलाई मात्रै दोष देखाएर राजनीतिक दलका नेता, जनप्रतिनिधि पन्छिने गर्छन्। जुन प्राकृतिक स्रोत, साधनमाथि घोर अन्याय हो। जिल्लास्थित डिभिजन वन कार्यालयहरूलाई एकातिर कर्मचारी र आवश्यक स्रोत, साधनहरूको अभाव छ भने वन कार्यालयहरू प्रदेश सरकार मातहतमा गइसके पनि वर्षौंसम्म एकै कार्यालय वा जिल्लामा वन कर्मचारीहरू नेताहरूको पहुँचमा घुमिरहने हुँदा वन संरक्षणमा विगतदेखि आन्तरिक समस्या छ।

विभिन्न समस्या र चुनौतीको सामना गर्दै पछिल्लोपटक बाराका वन नीतिको कार्यान्वयन गर्ने क्रममा केही आशा जगाएको छ। विभिन्न समयमा बाराका अतिक्रमित वन क्षेत्रमध्ये २४९.२९ हेक्टर जमीन अघिल्लो वर्ष अतिक्रमणमुक्त गराइ हराभरा बनाउन बाराका तत्कालीन डिभिजनल प्रमुख मन्जुर अहमदले सक्रियता बढाएका थिए भने अहिलेका प्रमुख विनोद सिंहले पनि सक्रियता बढाएर निरन्तरता प्रदान गरेका छन्।

पछिल्लो समय चार महीनाअघि जिल्ला वन सुरक्षा समितिको बैठकमा समग्र जिल्लाको वनजङ्गलको अवस्था, सुरक्षा चुनौती र संरक्षणका प्रयास तथा उपायका बारेमा डिभिजनल वन अधिकृत सिंहले जानकारी गराएका थिए। उनले वनजङ्गल क्षेत्र अतिक्रमण गरी खेतीपाती, घरटहरा बनाएर कब्जा गरेका वन क्षेत्रलाई पुनः वनमा फर्काउन डिवका, बाराले रणनीतिसहितको योजना अघि बढाइसकेको बताए। यस कार्यमा प्रशासन, सुरक्षा निकाय, अन्य सरोकारवाला निकाय, अन्य विभिन्न राजनीतिक दलहरूबाट पनि कानूनविपरीत वनजङ्गल क्षेत्र अतिक्रमणकारीहरूलाई संरक्षण, प्रोत्साहन नगर्न विभिन्न कार्यक्रमहरूमा वन अधिकृतहरूले आग्रह गर्दै आइरहेका छन्।

हाम्रेलागि भन्दा पनि भावी पुस्ताका लागि वनजङ्गलको संरक्षण अति आवश्यक छ। वनजङ्गल अतिक्रमण, गरी हानिनोक्सानी गर्ने अनि राजनीतिक दलको संरक्षण खोज्ने र त्यस्तालाई संरक्षण गर्दा एकपछि अर्को जटिलता थुप्रिँदै गएका विभिन्न घटनाक्रमले साबित गरेका छन्। यस्ता समस्या र मानसिकता देशभरमै हुने गरेकाले यसबाट वन क्षेत्र नराम्ररी प्रभावित हुँदै आएको वनविज्ञ तथा जानकारहरू बताउँछन्।

राज्यले चाहने हो भने वन क्षेत्र अतिक्रमण सहजै हटाउन सक्छ। तर राज्य किन यस विषयमा इमानदारीका साथ अघि बढ्न सकिरहेको छैन। अस्थिर सरकारले कर्मचारीहरूलाई दरिलो आड दिन नसक्नु, विभिन्न राजनीतिक दलहरूले जनताका नाममा अनावश्यक राजनीति हस्तक्षेप गर्दा समस्या जटिल हुँदै हुने गरेको जानकारहरू भन्छन्।

बारामा विभिन्न समयमा वन अतिक्रमणको योजनाबद्ध शृङ्खला कहालीलाग्दो छ। जिल्लाको चुरे क्षेत्रलगायत अमलेखगंजको चकरी, नयाँबस्ती, रतनपुरीको डमरपुर, भक्तलाल, भरतगंजसिंगौल, ककरी, बोधवन, हरैया, जैतापुर, पथलैयालगायत विभिन्न स्थानमा गरी अहिलेसम्म करीब १० हजार हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको डिभिजन वन कार्यालय, बाराको तथ्याङ्कले जनाएको छ।

अतिक्रमण गरी कब्जा जमाइएका वन क्षेत्रका केही हिस्सा फिर्ता ल्याउन वन कार्यालयले प्रयास गर्दै आइरहेको छ। चर्च, गुम्बा, मठमन्दिर, ओमशान्ति, विद्यालयलगायत विभिन्न सङ्घसंस्थाहरूले वन क्षेत्र अतिक्रमण गर्दै आएका छन्। उनीहरूले अतिक्रमित क्षेत्रमा खनजोत गरेर आफैं खेतीपाती गर्दै आएकामा पछिल्लो समयमा डाक बढाबढ नै गरेर केराखेतीलगायत अन्य बालीनाली लगाउन ठेक्का नै दिदै आएका छन्।

फरकफरक नाम र शैलीमा वन क्षेत्र अतिक्रमण गर्नेमा अतिक्रमणविरुद्ध सक्रियता बढाउने समाजसेवी, बुद्धिजीवी, राजनीतिक दलसँग आबद्धहरू नै बढी छन्। मठमन्दिर, गुम्बा, आश्रम, चौतारा निर्माण गर्ने भनेर वन क्षेत्र अतिक्रमण गर्नेहरूलाई संरक्षण र प्रोत्साहन गर्दै आएको परिणाम हो, अहिलेको अतिक्रमण।

राज्यकै सरोकारवाला कार्यालय, निकायहरूले अतिक्रमित वन क्षेत्र खाली गराउन सहयोग नगर्ने अनि अतिक्रमित वन क्षेत्रमा निरन्तर १० वर्ष खेतीपाती गर्दै आएकालाई जग्गाधनी पुर्जा वितरण गर्ने सरकारको नीतिका कारण बारामा हजारौं हेक्टर वन क्षेत्र गुम्ने अवस्थामा छ। राज्यकै दोहोरो चरित्रका कारण समस्या झनै जटिल हुँदै वन क्षेत्र साँघुरिँदै गएको छ। गलत नीतिलाई परिमार्जन नगर्ने हो भने तराई–मधेसमा मात्र होइन, मुलुकभर हजारौं हेक्टर अतिक्रमित वन क्षेत्र व्यक्तिको नाममा जाने सम्भावना छ।

निजगढ नपा–२ सिंगौलमा अतिक्रमित वन क्षेत्र विद्यालय, मठमन्दिर, गुम्बालगायतका सङ्घसंस्थाहरूले भागबन्डा गरेका छन्। भागबन्डा गरिएको वन क्षेत्रको जमीनमा बाली लगाउन ठेक्कामा लगाउँदै आएको पनि वर्षौं भइसकेको छ। सो जमीन पुनः वन क्षेत्रमा नै फर्काउन डिभिजन वन कार्यालय, बाराले अघिल्लो वर्षदेखि निरन्तर प्रयास गर्दै आइरहेको छ।

सिंगौलको वन क्षेत्र मासेर केराबालीलगायत अन्य बालीनाली लगाएर वर्षौंदेखि कब्जामा लिएको वन

(बाँकी चौथो पातामा)

# नीति तथा कार्यक्रमले आर्थिक सुधारका योजना ल्याउन सकेको छैन –अध्यक्ष लिङ्देन

काठमाडौं, ८ जेठ/रासस

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देनले सरकारको नीति तथा कार्यक्रमले वर्तमान आर्थिक सङ्कटको योजना ल्याउन नसकेको टिप्पणी गरेका छन्।

प्रतिनिधिसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा सोमबार उनले नीति तथा कार्यक्रममा सरकारले देशलाई कुन बाटोबाट अगाडि लैजाँदैछ भन्ने मार्गचित्र हुनुपर्ने बताए। अहिले देशको अवस्था सामान्य नरहेको र देशले आर्थिक सङ्कट भोगिरहेको अवस्थामा नीति तथा कार्यक्रममा यसको कसरी सामना गर्ने भन्ने समाधानका उपाय हुनुपर्ने सांसद लिङ्देनले उल्लेख गरे।

नीति तथा कार्यक्रममा समस्या पहिचान र प्राथमिकता प्रस्ट छुट्याउन नसकेको उल्लेख गर्दै सांसद लिङ्देनले कतिपय विषयमा विरोधाभास रहेको बताए। रोजगारमूलक उद्योग खोल्ने, बिजुली सहुलियतमा दिने, दलले शेयर नखोज्ने, युनियनबाजी नहुनेजस्ता प्रत्याभूति गर्न सके उद्योग सञ्चालन गर्नेलाई प्रोत्साहन मिल्ने उनको भनाइ थियो।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले नीति तथा कार्यक्रमले आर्थिक समस्या समाधानका उपाय उल्लेख छन कि छैनन् भन्ने सोचनीय विषय भएको बताए। विप्रेषणमा भर परेको अर्थतन्त्र पछिसम्मका लागि दिगो नहुने जिकिर गर्दै उनले जनताले समृद्धि र विकास खोजिरहेकोले सबै दल भ्रष्टाचारविरुद्धको अभियानमा एकमत हुनुपर्नेमा जोड दिए। राष्ट्रसेवक कर्मचारीले आफ्नो जिम्मेवारी अनुसारको काम गर्नुपर्ने र राजनीति गर्नु छ भने राजीनामा गरेर आउन उनले सुझाव दिए।

# रु एक करोडभन्दा बढीमा ठेक्का लाग्यो बागवानीको आँप

सर्लाही, ८ जेठ/रासस

सर्लाही जिल्लाको लालबन्दी नगरपालिका–१ स्थित नवलपुरको उष्ण प्रदेशीय बागवानी केन्द्रले यस वर्ष रु एक करोड ११ लाख ६० हजारमा आँप ठेक्का लगाएको छ।

केन्द्रका निमित्त प्रमुख रामकुमार यादवले यस वर्ष विगतको तुलनामा धेरै आँप फलेकाले सबैभन्दा बढी रकममा आँप ठेक्का लागेको बताए।

करीब तीन सय बिघा क्षेत्रफलमा फैलिएको बागवानी केन्द्रमा छ हजार आँप र ६२१ लिचीका बोट छन्। यहाँ ३५ जातका आँप र आठ जातका लिचीका बोट छन्। बगैंचामा भारतमा पाइने बम्बई, मालदह, दशहरी, अम्रपाली, कलकतिया, नीलम, मलिका, सुकतारा, सिपिया, कृष्णभोग र जर्दा जातका आँप छन् भने पाकिस्तानमा पाइने अमनदशहरी, फजिली, अनबरतौल, नुरजाहा र अबेहयात जातका आँपका बोट छन्।

साथै थाइल्यान्डमा पाइने डकमाइ र अमेरिकामा पाइने हेडेन तथा केन्ट जातका आँप पनि छन् भने अर्लीलार्ज रेड, शाही, मुजफ्फरपुर, सिडलेस, मैक्लिन, बम्बई, कलकतिया र चाइन गरी आठ प्रजातिका लिचीका बोट छन्।

यस वर्षका लागि लिची रु १२ लाख १८ हजारमा ठेक्का लगाइसकेको केन्द्रका निमित्त प्रमुख यादवले बताए।

यस वर्ष आँपमा औषधि तथा विषादी छर्कनका लागि करीब रु २४ लाख खर्च गरी आधुनिक मेशिनसमेत खरीद गरेर ल्याइएको केन्द्रले जनाएको छ। जमीनबाट ६० फिट उचाइसम्म सजिलै विषादी छर्न सकिने यो मेशिन नेपालमै पहिलोपटक प्रयोग भइरहेको केन्द्रका प्रमुख यादवले बताए।

# साढे २१ खर्ब नाघ्यो नेपालको सार्वजनिक ऋण

काठमाडौं, ८ जेठ/रासस

नेपालले तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व साढे रु २१ खर्ब नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा नेपालले रु १० खर्ब ८३ अर्ब ४७ करोड ४९ लाख आन्तरिक र रु १० खर्ब ७० अर्ब ६४ करोड ९० लाख बाह्य गरी कुल रु २१ खर्ब ५४ अर्ब १२ करोड ३९ लाख बराबर ऋण तिर्न बाँकी रहेको देखिएको हो।

चालू आर्थिक वर्ष २०७९/८० शुरू हुँदा अर्थात् गत वर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख बराबर थियो। चालू आर्थिक वर्षको पछिल्लो १० महीनाको अवधिमा मात्र रु एक खर्ब ४० अर्ब ८२ करोड ७५ लाख बराबर ऋण थपिएको हो।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकार रु ४८ खर्ब ५१ अर्ब ६२ करोडलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४४ दशमलव ४० प्रतिशत बराबर देखिएको छ। जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पूँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्ने सक्ने देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आर्थिक वर्षको १० महीनाको अवधिमा मात्र सरकारले रु दुई खर्ब ३० अर्ब २४ करोड ६७ लाख ऋण उठाएको छ भने रु एक खर्ब ४३ अर्ब ४२ करोड दुई लाख बराबर साँवा ब्याज तिरेको छ।

वैशाख मसान्तसम्ममा सरकारले गरेको पूँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गरेको खर्च करीब रु १८ अर्बले बढी हो। वैशाख मसान्तसम्ममा सरकारको पूँजीगत खर्च रु एक खर्ब २५ अर्ब ६७ करोड बराबर छ।

यसरी एकातर्फ सरकारको राजस्व असुली न्यून हुँदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ।

चालू आर्थिक वर्षको १० महीनामा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीमा रु एक खर्ब १० अर्ब ४२ करोड ५८ लाख र बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा रु ३२ अर्ब ९९ करोड ६२ खर्चिएको छ। आन्तरिकतर्फको साँवा रकम रु ६३ अर्ब ४७ करोड ४४ लाख, ब्याज रु ४६ अर्ब ८५ करोड तीन लाख र कमिशन रकम रु १० करोड ११ लाख बराबर रहेको छ। त्यस्तै, बाह्य ऋणतर्फ साँवा भुक्तानीमा रु २५ अर्ब ९४ करोड ४८ लाख र ब्याज भुक्तानीमा रु सात अर्ब पाँच करोड १४ लाख बराबर खर्च भएको कार्यालयले जनाएको छ।

चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म सरकारले उठाएको आन्तरिक ऋण रु एक खर्ब ५९ अर्ब ५० करोड र बाह्य ऋण रु ७० अर्ब ७४ करोड बराबर रहेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ बराबर छ। कुल सार्वजनिक ऋणलाई कुल जनसङ्ख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण रु ७३ हजार ८६० बराबर पर्न जान्छ।



**हिमाल आरोही बस्ने टेन्ट**: म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित नर्थ अन्नपूर्ण हिमालको आधार शिविरमा हिमाल आरोहणका लागि आएका पर्यटक बस्न राखिएका टेन्ट। समुद्री सतहदेखि चार हजार १९० मिटरको उचाइमा रहेको आधार शिविरमा पर्यटक टेन्ट राखेर बस्ने गर्छन्। तस्वीरः रासस

# संवेदनशील ऐक्यबद्धता र प्रतिबद्धता

विचार



डा दीपेन्द्र रोकाया

**प्रधानमन्त्री प्रचण्डले नेपालमा कोही कसैले कल्पनासमेत नगरेको सामन्ती राजतन्त्र सदाको लागि फाल्ने जनयुद्धको नेतृत्व गरे। जनयुद्धबाट सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई मान्छे भएर जिउने अधिकार माग्न लगाए।**

समय नपर्खाउँदो तरीकाले बितिरहेको छ। तर वर्तमानले जबरजस्त नयाँ सन्देश प्रवाह गर्न खोजिरहेको छ। नेपाली राजनीतिमा यो विशेष महत्वका रूपमा दर्ज हुँदैछ। प्रसङ्ग वर्तमान सरकारप्रति देखिएको विश्वास शृङ्खला र प्रतिक्रियाहरू हुन्।

एक, नेपालको संसद्मा तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भए। प्रधानमन्त्री भएको १६ दिनपछि अर्थात् पुस १६ गते लिइएको विश्वासको मतले नेपालको इतिहासमा पहिलो ऐतिहासिक रेकर्ड कायम गर्‍यो। त्यस बेला प्रधानमन्त्री प्रचण्डले २७० सांसदमध्ये २६८ जनाबाट शतप्रतिशत भन्न मिल्ने समर्थन प्राप्त गरे।

दुई, नक्कली भुटानी शरणार्थी बनाएर ठग्ने धमाधम पक्राउ पर्दै जाँदा कतै आलोचकबाट पनि समर्थन प्राप्त हुन थालेको छ। सदनमा बोल्नेको आवाज सुनिरहेकै छौं। यस्तै, आवाजविहीनको आवाज पनि गाउँघर, सडक, चोक तथा बाटोमा व्यक्त विचार सामाजिक सञ्जालबाट प्राप्त भइरहेका छन्। हिजोआज काठमाडौं माइतीघर मात्र होइन, देशका प्रमुख शहर बजारमा समेत विगतमा सरकारको विरोधमा निस्कने जुलुस अहिले समर्थनमा निस्किरहेको देखिन्छ। यो देशवासीका तर्फबाट सुझबुझपूर्ण चिन्ता प्रकट गरी भएको ऐक्यबद्धता हो।

भुटानी राजाको निरङ्कुश तानाशाही कदमबाट आफ्नो देश छोडेका नेपाली मूलका भुटानीलाई विसं २०४५ बाट पूर्वी नेपालको मोरङ, झापा र इलामका दुर्गम बस्ती (पथरी, शनिश्चरे, खुदुनाबारी, गोलधाप, बेलडाँगी, चुलाचुली र बुधबारेलगायत)मा भुटानी शरणार्थी बसेका थिए। देशबाट लखेटिएका भुटानी शुरुमा एक लाख २० हजारजना थिए। उनीहरूलाई आफ्नो देशले ठग्यो। त्यसमा भारतले पनि आफूले नराखी नेपाल पठायो। नेपालमा टेक्ने ठाउँ दिँदै जाँदा दलाल शासकले पनि ठगेको सिङ्गो कहानी फेला परेको छ।

वरिष्ठ पत्रकार किशोर नेपालको शब्दमा आजकल सोचेजस्तो जिन्दगी सिनेमामा पनि देख्न पाइँदैन। यो घटनाले स्नानगारमा सबै नाङ्गा देखिन थालेका छन्। यसबाट अन्तर्राष्ट्रियजगत्मा नेपालको साख गिराउने काम हुँदैछ भने देशभित्र सरकार र प्रहरी प्रशासनप्रति जनविश्वास आर्जन गर्ने प्रस्थानबिन्दु बन्दैछ। सबैलाई थाहा छ, सबै कुरा एकैपटक सम्पादन हुन सक्दैन। तैपनि एकै श्वासमा योलगायत यो, त्यो भ्रष्टाचार छानबिन हुनुपर्छ भनिरहेका छन्। यसो गर्दा कुरा विषयान्तर हुन सक्ने खतरा बढेका छन्। अहिलेको संवेदनशीलता भनेकै यहीनेर छ।

बहालवाला सरकारी सचिवदेखि यसअघिका उप तथा गृहमन्त्रीसम्म पक्राउ पर्नुले सरकार र प्रहरी प्रशासनप्रति रहेको जानेमानेको धारणामा बदलाव आउन थालेको छ। प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले लिएको पहलकदमीले सङ्कटग्रस्त अवस्थामा आशाको किरण दिने काम गरेको छ। प्रधानमन्त्रीले यो 'टेलर' मात्र हो पूरा चलचित्र त हेर्न बाँकी नै छ भनेका छन्। प्रधानमन्त्रीले भनेजस्तै यसका वास्तविक सूत्रधार र संरक्षकसम्मलाई अनुसन्धानको दायरामा नल्याइ यो प्रकरण निष्कर्षमा पुग्न सक्दैन।

अहिले उठान भएको विषय देशको मात्र होइन, अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको छ। यसको सञ्जाल सानो छैन। तहतहका बिचौलिया छन्। समयक्रमसँगै जोडिन आइपुगेका प्रशासक र राजनीतिक नेतृत्व छन्। तिनका पारिवारिक सदस्य तथा सहयोगी छन्। अझै केही नामुद व्यक्ति फरार छन्। अनुसन्धानका क्रममा अरू पनि तानिन सक्छन्। पक्राउका निम्ति प्रमाण पुगिसकेका तर कुनै न कुनै रूपमा संलग्नता देखिएका जोकोहीमाथि प्रहरीले सूक्ष्म निगरानी राख्न आवश्यक छ।

यो सङ्गठित अपराध तथा मानव तस्करी नै हो। त्यो पनि राज्यको जिम्मेवार तहमा बसी भएकाले मुलुकमा सङ्गठित माफियाराज हुर्किरहेको रहेछ भनेर डरलाग्दो चित्र देखाएको छ। यसैले यो अपराध-जालोको खास परिकल्पनाकारसम्मै पुगेर राज्य-प्रशासनले संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। किनकि आफ्नो राष्ट्रियताबाटै गुमनाम भएका भुटानी शरणार्थीलाई पुनर्वासमा लैजाने मुलुकमाथि पनि ठूलो धोका दिइएको देखियो।

यहाँ हेक्का राख्नुपर्ने कुरा के छ भने यस घृणित कार्यमा एक/दुई जना सरकारी कर्मचारी मात्र होइनन्, मन्त्रालयको उपल्लो तह नै संलग्न छ। सचिवको सरुवासमेत यसकै निम्ति गरिएको छ। त्यसैले राज्य संयन्त्र नै मतियार देखिएकोले यस काण्डबाट हाम्रो मुलुकको साख गिराउने काम भएको छ। यसैले यो काण्ड नेपाल र नेपाली जनताको मात्र नभई विश्वकै चिन्ता, चासो र निगरानीको विषय बनेको छ।

यो प्रकरणले अबदेखि राज्यका जिम्मेवार निकायबाटै तयार भएका कागजातलाई समेत विश्वास गर्न गाह्रो हुने बनायो। यसअघि पुनर्वासमा गइसकेका भुटानी शरणार्थीमध्ये केही नक्कली त थिएनन् भन्ने अर्को शङ्का पनि उब्जिएको छ। अन्तर्राष्ट्रियस्तरमा नेपालका लागि ठूलो लज्जाको विषय बन्न गयो। यसैले यो अनुसन्धानको गहिराइमा पुगेर संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनु र कानून अनुसार सजाय दिलाउनुपर्छ।

यो अख्तियारप्राप्त नेता-कर्मचारीले बिराउने, देशै पिराउने काम भएकाले सरकार, खासगरी प्रधानमन्त्री र गृहमन्त्रीले कत्ति पनि खुट्टा कमाउनुहुन्न। प्रचण्ड सरकारले नेपालमा राज्य संस्था जीवितै छ, ठूलै अपराध भइहालेमा पनि त्यसउपर यथोचित अनुसन्धान हुन्छ र कसुरदार कारबाहीमा पर्छन् भन्ने सन्देश दिन सक्नुपर्छ। यसो गर्दा मुलुकमा दण्डहीनताको राज तोडिने क्रम शुरू हुन्छ भने कानूनी राज हुन्छ। अन्तर्राष्ट्रियजगत्मा नेपाल एउटा विश्वासयोग्य राष्ट्रका रूपमा उभिन सक्छ।

यो समयको यो चुनौतीलाई सरकारले कुशलतापूर्वक सम्पादन गरेपछि मात्र सरकारप्रति जनताको मनमा रहेको अविश्वास हटेर जानेछ। प्रतिक्रियाका लागि मात्र जन्मेकाको मुखमा बुजो लाग्नेछ। ठगहरूको राज अन्त हुने दिनको शिलान्यास हुनेछ। आर्थिक मन्दी भएका बेला राज्यकोष दुरुपयोग गर्नेहरूबाट असुलउपर गराउन सकिन्छ। समस्या नै समाधानको जननी बनेर आएको रूपमा लिनुपर्छ।

प्रधानमन्त्री प्रचण्डले नेपालमा कोही कसैले कल्पनासमेत नगरेको सामन्ती राजतन्त्र सदाको लागि फाल्ने जनयुद्धको नेतृत्व गरे। जनयुद्धबाट सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई मान्छे भएर जिउने अधिकार माग्न लगाए। उनकै अगुवाइमा भएको संविधानसभाबाट बनेको समाजवादोन्मुख संविधानले सबैको अधिकार स्थापित गराए। सङ्घीयता लागू भएको छ। तीन तहका सरकार छन्। यो राजनीतिक परिवर्तन अन्तिम होइन भन्ने पनि बुझाइ स्थापित भएको छ।

यो देशले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हो। राष्ट्रको खास अभिभावक हुनुको नाताले यो देशको रूपान्तरण पनि प्रधानमन्त्री प्रचण्डकै अगुवाइमा हुने मोडहरू देखा पर्दैछन्। समस्या पर्दा आत्तिने र समर्थन जुट्दा मात्तिने होइन।

नेपालको लागि यो संवेदनशील घडी भएकोले उठान भएको समस्या धैर्यतापूर्वक हल गर्दा नेपाल र नेपाली जनताको भविष्य निर्धारण गर्न सकिने देखिएको छ। यसैले वर्तमान सरकारले संवेदनशील समयमा जनजनबाट प्राप्त ऐक्यबद्धतालाई देश र जनताको केन्द्रबिन्दुमा राखेर प्रतिबद्धता जनाइ कार्यान्वयनमा लाग्नु उपयुक्त हुन्छ। रासस

(लेखक नेपाल अनुसन्धान विकास प्रतिष्ठानका सदस्य हुन्)

# अरुण तेस्रो प्रसारण लाइनका लागि ५९७ टावर निर्माण हुने

किमाथाङ्का, ७ जेठ/रासस

सङ्खुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको विद्युत् प्रसारण लाइन सात जिल्लामा निर्माण गरिने भएको छ। अरुण तेस्रो आयोजनाले प्रसारण लाइनका लागि सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिरहा, महोत्तरी र धनुषा जिल्लामा ५९७ वटा टावर निर्माण गर्न लागेको हो।

आज जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा अरुण तेस्रो आयोजनाको चार सय केभी प्रसारण लाइन सङ्खुवासभाको दिदिङ हुँदै धनुषाको ढल्केबर पुर्‍याइने आयोजनाले जनाएको छ। विद्युत् प्रसारण लाइन आयोजनाको विद्युत्‌गृहस्थल चिचिला गाउँपालिकाको दिदिङ हुँदै धनुषाको ढल्केबर पुर्‍याइनेछ।

प्रसारण लाइनका लागि सङ्खुवासभा ५९, भोजपुर एक सय, खोटाङ ७९, उदयपुर १४७, सिरहा २३, महोत्तरी ८७ र धनुषामा १०२ वटा टावर रहनेछन्। टावर निर्माणका लागि जग्गा अधिग्रहण गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत प्रक्रिया अघि बढाइएको जनाइएको छ।

प्रसारण लाइन चिचिला गाउँपालिका दिदिङ पुखुवाबाट शुरू भई डाँडागाउँ, आहाले, छ्याङकुटी हुँदै खाँदबारी नगरपालिकाको सेकाहा, मानेभञ्ज्याङ, माथिल्लो चेवा, खोरण्डे, पिप्ले रयले बेंसी हुँदै भोजपुर पुग्ने सतलज कम्पनीको कार्यालय तुम्लिङटारले जनाएको छ।

भारतीय सतलज कम्पनीले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत् परियोजनाका लागि अहिले सडक, ड्याम साइड, पावर हाउस, सुरुङमार्ग निर्माण धमाधम सञ्चालन भइरहेका छन्।



तस्वीरः फाइल

सङ्खुवासभाको मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा ड्याम साइडको काम भइरहेको छ भने पावर हाउस चिचिला गाउँपालिका दिदिङको पुखुवामा विद्युतगृहस्थलको निर्माण चलिरहेको आयोजनाले जनाएको छ।

पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको अरुण तेस्रोबाट नौ सय मेगावट विद्युत् उत्पादन हुनेछ।

आयोजना निर्माणका लागि करीब रु एक खर्ब २० अर्ब खर्च अनुमान गरिएको छ।

प्रभावित परिवारलाई आयोजनाले ३० युनिटका दरले निःशुल्क विद्युत् उपलब्ध गराउने सम्झौता भएको छ। यस आयोजनाबाट नेपालले २५ वर्षमा ३४० अर्ब रोयल्टी, निःशुल्क बिजुली, आयकर, मूअक र भन्सार शुल्कबाट लाभ लिनेछ।

## फरकफरक शैली ....

क्षेत्र फिर्ता लिन वन विभाग, प्रदेश वन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डिभिजन वन कार्यालय, बारालाई बर्सेनि पटकपटक पत्राचार गर्ने गरेको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंह बताउँछन्। त्यस सम्बन्धमा अनुसन्धान अधिकारी तोकी कार्य तीव्रताका साथ अघि बढाएको उनले बताए।

संस्थागत र समूहगतरूपमा वन क्षेत्र अतिक्रमण गर्ने, वनविनाश गर्दै जाने हो भने यस्ता गतिविधिले निम्त्याउने विकराल प्राकृतिक विपत्ति मानव समुदायले भोग्नुपर्ने उनको भनाइ छ।

वन क्षेत्र अतिक्रमण गर्ने, मास्ने गरेकै कारण वन्यजन्तुको वासस्थान गुम्ने, वनजङ्गल नष्ट हुँदा सन्तुलित वातावरण खल्बलिने गर्दा अत्यधिक गर्मी, पानीको सतह गहिरिँदै जाने, मूल मुहान जस्ताहरू सुक्ने, वर्षामा हवातै बाढी पहिरोको जोखिम उच्च हुनेलगायतका अनेकौं दीर्घकालीन प्राकृतिक असर पर्ने डिएफओ सिंहले बताए।

व्यक्तिगतभन्दा पनि संस्थागत वन अतिक्रमण र कब्जाले समग्र मुलुकको वन क्षेत्रलाई समस्याग्रस्त बनाइरहेको वन अधिकृतहरू बताउँछन्। हामी कर्मचारी त केही वर्ष जागिर गर्न आउँछौं, अनि जान्छौं। वन क्षेत्रको संरक्षण गर्नु वन कर्मचारीको पहिलो कर्तव्य, दायित्व, जिम्मेवारी हो तर यसको संरक्षण गर्ने दायित्व स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, आम स्थानीय नागरिकको पनि भएको वन कर्मचारीहरू बताउँछन्।

अहिले बस्ती, खोलाखोल्सीछेउका वन क्षेत्रको जमीनलाई समेत भूमाफियाहरूले कब्जा जमाउँदै आएका छन्। निजगढ नपा-१० लाल र मकवानपुर बकैया गाउँपालिका-६ भालुखोलाछेउ तीन बिघाभन्दा बढी जमीन चार वर्षदेखि व्यक्तिले ढुङ्गाको गारो लगाएर अतिक्रमण गर्ने प्रयास गरिरहेको छ। त्यहाँ लगाइएका गारोलाई हटाउन निजगढ नपा-१० वडा कार्यालयले जनाए पनि अहिलेसम्म अग्रसरता देखाएको छैन। सार्वजनिक जमीन कब्जा गर्ने सुवनसिंह लोप्चनलाई डिभिजन वन कार्यालय, बाराले प्रमाण पेश गर्न पटकपटक पत्राचार गरे पनि उनले हकभोगसहितको प्रमाण पेश गर्न नसकेको रतनपुरी सबडिभिजन वन कार्यालय बाराले जनाएको छ।

# फरक समाचार

## स्थानीय वा हाइब्रिड
## कुन गोलभेंडा स्वास्थ्यको लागि राम्रो ?

गर्मी होस् वा जाडो, गोलभेंडाविनाको खाना अधुरो देखिन्छ। अधिकांश तरकारीले गोलभेंडाबाट आफ्नो स्वाद र रङ प्राप्त गर्छन्।

खासगरी गर्मीमा गोलभेंडाको सलाद र मसलादार अचार नभएको खण्डमा थाल अधुरो देखिन्छ। रातो रसिलो गोलभेंडा खान जति स्वादिलो हुन्छ, त्यति नै यसको रङ पनि आँखालाई आकर्षक हुन्छ। यदि हामी गोलभेंडाको रातो रङ देखेर किन्छौं भने होशियार होऔं। आँखाले सुन्दर देखिने यो गोलभेंडाले हाम्रो स्वास्थ्यलाई हानि पुर्‍याउन सक्छ। वास्तवमा अहिले बजारमा स्थानीय र हाइब्रिड गरी दुई प्रकारका गोलभेंडा पाइन्छन्। स्थानीय गोलभेंडा त्यति सुन्दर नदेखिए पनि स्वास्थ्यको लागि निकै फाइदाजनक हुन्छ। अर्कोतर्फ हाइब्रिड गोलभेंडा हेर्नमा सुन्दर भएपनि स्वास्थ्यको लागि हानिकारक हुन्छ। हामी स्थानीय र हाइब्रिड गोलभेंडाबीचको भिन्नताबारेमा जानौं। यसका साथै स्थानीय र हाइब्रिड गोलभेंडामध्ये कुन स्वास्थ्यको लागि फाइदाजनक छ भन्ने पनि जानकारी लिऔं। यस विषयमा दिल्लीस्थित डाइटिसियन पूजा सिंहको विचार जानौं।

स्थानीय



हाइब्रिड



**स्थानीय र हाइब्रिड गोलभेंडा कसरी चिन्ने ?**

आहारविज्ञ पूजा सिंहका अनुसार स्थानीय गोलभेंडाको रङ पूर्णतया रातोको सट्टा हल्का हरियो र पहेंलो हुन्छ। यसको स्वाद अलि अमिलो हुन्छ। स्थानीय गोलभेंडा हातमा लिएर हेर्दा काँचो भएपनि भित्रबाट पाकेको हुन्छ। जबकि हाइब्रिड गोलभेंडा चम्किलो राता हुन्छन्। यसको स्वाद स्थानीय गोलभेंडाको तुलनामा धेरै फिक्का हुन्छ। स्थानीय गोलभेंडा छिट्टै बिग्रने, लामो समयसम्म फ्रिजमा पनि भण्डारण नहुने विज्ञहरू बताउँछन्। जबकि हाइब्रिड गोलभेंडा फ्रिजमा लामो समयसम्म राख्न सकिन्छ।

**हाइब्रिड वा स्थानीय गोलभेंडा कुन स्वास्थ्यको लागि राम्रो ?**

डाइटिसियन सिंह भन्छिन्, "हाइब्रिड गोलभेंडा धेरै प्रकारका केमिकलले पकाइन्छ। केमिकल र प्रशोधन गरेर पकाउने भएकाले हाइब्रिड गोलभेंडामा पोषक तत्व पाइँदैनन्, धेरै समयसम्म हाइब्रिड गोलभेंडा खाँदा धेरै रोग लाग्न सक्छन्। अर्कोतर्फ स्थानीय गोलभेंडाको कुरा गर्ने हो भने यसलाई उब्जाउन र पकाउन प्राकृतिक प्रक्रिया अपनाइन्छ। स्थानीय गोलभेंडामा भिटामिन सी, कम्पाउन्ड लाइकोपिन र एन्टिअक्सिडेन्ट पाइन्छन्। यी पौष्टिक तत्व स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छन्।

स्थानीय गोलभेंडाको सेवनले शरीरको रक्तसञ्चारमा सुधार, पाचन प्रणालीलाई मजबुत बनाउन र तौल घटाउन मदत गर्ने आहारविज्ञ बताउँछन्। यतिमात्र होइन, स्थानीय गोलभेंडाले शरीरलाई डिटोक्सिफाइ गरेर छाला र कपाललाई सुन्दर बनाउन पनि मदत गर्छ।

## यी मानिसहरूले म्याङ्गो शेक पिउनुहुँदैन



गर्मीमा पसिना, झिझाइ वा चिडचिडापन जतिसुकै आए पनि धेरै मानिस मौसमको पखाइमा हुन्छन्। यसको कारण गर्मीमा खाइने मीठो-मीठो आँप हो। शायदै कसैलाई आँप मीठो नलाग्ला।

हरेक मौसममा आँपसँग सम्झना जोडिएको हुन्छ र मानिसहरू त्यसलाई सम्झेर हाँस्छन्। तर आँप ठूलादेखि बालबालिका सबैलाई बढी मन पर्ने फल हो र यसको कारण यसको स्वाद नै हो।

खैर, यसको आँपभन्दा यसको जुस वा म्याङ्गो शेक धेरैलाई स्वादिलो लाग्छ। बालबालिकादेखि ठूलासम्म सबैले म्याङ्गो शेक जोशका साथ पिउने गर्छन्। तर के हामीलाई थाहा छ, कतिपय मानिसले म्याङ्गो शेकबाट टाढा रहनुपर्छ। यसबारेमा हामी अब जानौं। दिल्लीको सफदरजंग अस्पतालका डा जुगलकिशोर भन्छन्- "प्रि-डायबिटिक वा मधुमेह भएका बिरामीले म्याङ्गो शेक खानुहुँदैन। डा जुगल भन्छन्, "यसमा प्राकृतिक चिनी पाइन्छ र यसमा रिफाइन्ड चिनी मिसाउँदा स्वास्थ्यमा गम्भीर हानि पुग्छ।" त्यसैले कुन व्यक्तिले आँप र दूधबाट बनेको शेक खानुहुँदैन।

**प्रि-डायबिटिक**

मधुमेहको उच्च जोखिममा रहेका मानिसले आँप वा मीठो खानेकुरा खाँदा होशियार हुनुपर्छ। बजारमा पाइने म्याङ्गो शेक पिउनुहुँदैन किनभने यसलाई स्वादिष्ट बनाउन यहाँ धेरै चिनी मिसाइन्छ। यसबाहेक म्याङ्गो शेकको अत्यधिक सेवनले हानि पुर्‍याउन सक्छ।

**मधुमेह**

डा किशोर भन्छन् कि मधुमेह भएका व्यक्तिले म्याङ्गो शेक पिउन सक्छन् तर अर्कै तरीकाले। म्याङ्गो शेकमा चिनी र दूध मिसाउँदा क्यालोरी बढ्न गई चिनीको स्तर बिग्रन्छ।

**मोटोपन**

विज्ञहरूका अनुसार हामीले ताजा आँप वा यसको ताजा जुस पिउनुपर्छ। आँप काटेर खाँदा यसमा पाइने भिटामिन सी, ई, ए, के र फाइबर जस्ता पोषक तत्वहरू सही मात्रामा पाइन्छन्। तर जब हामी यसको शेक वा अचार बनाउँछौं, यो हानिकारक पनि हुन सक्छ। म्याङ्गो शेकको अत्यधिक सेवनले हामी मोटोपनको शिकार बन्न सक्छौं।

**पेट दुखेको बेला**

यदि कसैको पेट खराब छ भने उसले आँप काटेर खानुपर्छ तर यसमा पनि सीमालाई ध्यानमा राख्नुपर्छ। यस्तो अवस्थामा समस्या झन् बढ्न सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जेलेन्स्कीसँग भेट नभएकोमा ब्रजीलियाली राष्ट्रपति लुला दुःखी

हिरोशिमा, ८ जेठ/सिन्ह्वा

ब्रजीलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले आफू र भोलोदिमिर जेलेन्स्कीबीच आर्थिकरूपमा सम्पन्न विश्वका सात प्रमुख राष्ट्रहरूको समूह (जी–७) शिखर सम्मेलनमा भेट हुन नसकेकोमा आफू 'दुःखी' भएको बताएका छन् ।

हिरोशिमामा भएको शिखर सम्मेलनबाट नयाँ कूटनीतिक समर्थन र थप सैन्य सहायताको प्रतिबद्धता पाएका जेलेन्स्कीले लुलासँग एक्लाएक्लै भेटको माग गरेका थिए ।


दुवै नेताले समय तालिकाको विवादले बैठक गर्नबाट रोकेको बताएका छन् । जेलेन्स्कीले आफ्नो व्यस्तताले ब्रजीलियाली समकक्षी 'निराश' बनेको हुन सक्ने स्विकारेका छन् ।

लुलाले भने–"म निराश थिइनँ तर दुःखी छु किनभने म उहाँलाई भेट्न र यस विषयमा छलफल गर्न चाहन्थें ।"

उनले भने–"जेलेन्स्की वयस्क व्यक्ति हुनुहुन्छ । उहाँलाई थाहा छ कि उहाँले के गर्नुभयो ।"

लुलाका अनुसार उनको टोलीले आइतवार दिउँसो जेलेन्स्कीसँग बैठक गर्ने कार्यक्रम तय गरेको छ । लुलाले थपे–"युक्रेनी नेता ढिलो आइपुग्नुभएको र त्यसपछिको लागि उहाँको अरू नै कार्यक्रम तय थियो ।"

शिखर सम्मेलनमा जेलेन्स्कीलाई जी–७ का नेताहरूको ठूलो समर्थन प्राप्त भएको थियो, जसमा अमेरिकाले सहयोग गर्ने भनेको एफ–१६ लडाकू विमान पहुँचका लागि घोषणा पनि भएको थियो भने अन्य सहयोगी मुलुकबाट पनि लामो



लुइज इनासियो लुला डा सिल्भा

दूरीमा हान्न मिल्ने हतियारका लागि प्रतिबद्धता आएको छ। रासस

## युक्रेनको जापोरिजझिया आणविक केन्द्र पुनः विद्युत् ग्रीडबाट काटियो

मस्को, ८ जेठ/एएफपी

युक्रेनको कब्जामा रहेको जापोरिजझिया आणविक केन्द्रलाई पुनः विद्युत् ग्रीडबाट विच्छेद गरिएको युक्रेनी भूभागमा रहेका रूसी प्रशासक र युक्रेनी आणविक एजेन्सीले सोमवार बताएका छन् ।

रूसी प्रशासनले टेलिग्राममा लेखेको छ–"हाई एक्टेन्सन लाइन' काटिएका कारण प्लान्टले आफ्नो बाह्य विद्युत् आपूर्ति गुमाएको छ । लोडसेडिङको कारणबारे अनुसन्धान भइरहेको छ साथै यसलाई ब्याकअप डिजेल जेनेरेटरले सञ्चालन गरिएको छ ।

युक्रेनको आणविक एजेन्सी एनरगोएटोमले रूसले सोमवार बिहान आक्रमण गरेको आरोप लगाउँदै सन् २०२२ मार्चमा मस्कोको सेनाले नियन्त्रणमा लिएपछि प्लान्ट लोडसेडिङ अवस्थामा गएको यो सातौं घटना भएको जनाएको छ ।

एनरगोएटोमका अनुसार जेनेरेटर प्रणाली सञ्चालनका लागि प्लान्टमा १० दिनका लागि पर्याप्त इन्धन मौज्दात छ ।

"यदि यो समयमा प्लान्टमा बाह्य ऊर्जा पुनःस्थापना गर्न असम्भव भएमा विकिरणको परिणाम निम्तिने खतरा हुन सक्छ"–एनरगोएटमले चेतावनी दिएको छ ।

यसैबीच निप्रो क्षेत्रका गभर्नरले रातभर हवाई आक्रमण भएको र चारवटा रूसी क्षेप्यास्त्र र १५ वटा ड्रोन खसालेको र कम्तीमा आठजना सर्वसाधारण घाइते भएका बताएका छन् ।

दक्षिणपूर्वी युक्रेनस्थित युरोपको सबैभन्दा ठूलो आणविक केन्द्र जापोरिजझियामा यस पहिले पनि रूसी क्षेप्यास्त्र आक्रमणका कारण विद्युत् कटौती भएको एनरगोएटमले जनाएको छ ।

यद्यपि उक्त आक्रमणको केही घण्टापछि बाह्य विद्युत् आपूर्ति सञ्चालनमा आएको थियो ।

जापोरिजिया युक्रेनको लगभग २० प्रतिशत बिजुली आपूर्ति गर्ने शक्तिशाली विद्युत् गृह हो । सेप्टेम्बरमा बिजुली उत्पादन रोक्नु अघि प्लान्टले रूसको आक्रमणको प्रारम्भिक महीनाहरूमा बारम्बार गोलाबारीका बावजूद काम जारी राखेको थियो ।

प्लान्टको छवटा सोभियत–युगको रिएक्टरमध्ये कुनैले पनि बिजुली उत्पादन गरेको छैन । तर विशेषगरी रिएक्टरहरू चीसो गने यसको आफ्नै आवश्यकताका लागि यसलाई युक्रेनी पावर ग्रीडसँग जोडिएको छ । रासस

## र्‍यानएयर नाफामा

लन्डन, ८ जेठ/एएफपी

आयरल्यान्डको सुलभ मूल्यमा सेवा प्रदान गर्दै आएको र्‍यानएयर एयरलाइन्सले कोभिड–१९ पछिको कोभिड–१९ पछिको सुधारलाई निकै सशक्त देखेका छौं"–प्रमुख कार्यकारी माइकल ओलेरीले आम्दानीसँगै प्रकाशित भिडियो टिप्पणीमा भने ।




तस्वीरः फाइल

'बलियो' सुधारपछि पुनः वार्षिक खुद मुनाफा आर्जन गर्न सफल बनेको छ ।

अघिल्लो आर्थिक वर्षमा ३५ करोड ५० लाख युरो खुद नोक्सानी बेहोरेको र्‍यानएयरले जारी गरेको वक्तव्यमा भनिएको छ–"मार्च अन्त्यसम्मको १२ महीनामा करपछिको नाफा बढेर एक अर्ब ४० करोड युरो (करीब एक अर्ब ५० करोड अमेरिकी डलर) पुगेको छ ।

डब्लिनस्थित राष्ट्रिय ध्वजावाहकले कोरोना भाइरसका कारण जारी लकडाउन हटाएपछि अघिल्लो आर्थिक वर्ष २०२१/२०२२ मा घाटा कम गरेको थियो ।

"पछिल्लो एक वर्षमा हामीले

उनले भने–"मानिसहरू दुई वर्षदेखि थुनिएका छन् र उनीहरू यात्रामा फर्कन चाहन्थे । कम्पनीको आर्थिक आर्जनले पर्यटक आवागमनमा भएको सुधारलाई पुष्टि गरेको छ ।"

इटाली, पोल्यान्ड, आयरल्यान्ड, स्पेन र युरोपका अन्य स्थानहरूमा 'बलियो बजार हिस्सा वृद्धि' भएको रिपोर्टपछि भाडाबाट राजस्व दोब्बरभन्दा बढी १०.८ बिलियन युरो सङ्कलन भएको थियो ।

एयरलाइन्सको यात्रुहरूको चाप दर १० प्रतिशतले बढेर कोभिड पूर्वको ७४ प्रतिशतको अवस्थामा पुगेको छ । कम्पनीले यो वर्ष १६ करोड ८० लाख छ हजार ७४ यात्रु बोकेको जनाएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – प्रगति | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## बजेटमा सदैव वीरगंजलाई उपेक्षा गरिन्छ –वक्ताहरू

प्रस, परवानीपुर, ८ जेठ/

आगामी आर्थिक वर्षको बजेटको विषयमा वीरगंजमा आयोजित एक अन्तर्क्रिया कार्यक्रममा वक्ताहरूले वीरगंजले सदैव विभेद खेप्नुपरेको बताएका छन् ।

एभी न्यूज टिभीले वीरगंज उद्योग वाणिज्य सङ्घको सभाहलमा 'दबाबमा अर्थतन्त्र : प्रभावमा बजेट' विषयक अन्तर्क्रिया कार्यक्रममा अधिकांश वक्ताले नेपालको बजेट केही व्यक्ति, केही समुदायलाई फाइदा पुग्ने हिसाबले निर्माण हुने गरेको औंल्याएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि एवं मधेस प्रदेशका आर्थिक मामिलामन्त्री सञ्जयकुमार यादवले आफूहरू स्रोतसाधनविनाको सरकार भएको बताए । मन्त्री यादवले मधेस सरकार मधेसको विकासको लागि तत्पर रहेको धारणा व्यक्त गरे ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंज नाकाबाट राज्यबाट अर्बौं रुपियाँ राजस्व सङ्कलन हुने गरेको तर बजेट विनियोजन गर्दा विभेद हुने गरेको आरोप लगाए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने खालको सरकारको नीति नियम बजेटमा आउनुपर्ने




तस्वीरः प्रतीक

धारणा राखे ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले वीरगंज–पथलैया औद्योगिक कोरिडोरसँगै देशभरिका व्यवसायीलाई मौद्रिक नीति एवं बजेटमा निजी क्षेत्रलाई गरिएको कडाइका कारण उद्योगधन्धा चौपट हुँदै गएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै आगामी बजेटमा निजी क्षेत्रको समस्या सम्बोधन हुनुपर्ने माग राखे । उनले उत्पादनमूलक उद्योगका लागि सरकारले सुविधा दिनुपर्ने माग गरे ।

कार्यक्रममा एभी न्यूजका कुबेर चालिसे सहजीकरण गरेका थिए भने वीरगंजका उद्योगी–व्यवसायी, सञ्चारकर्मी, होटल तथा पर्यटन व्यवसायी, समाजसेवी, युवालगायतको सहभागिता रहेको एभी न्यूज मधेस प्रदेश ब्यूरोका प्रमुख मधेस दासले बताए ।

## आमा फाउन्डेशनद्वारा ब्युटिशियन तालीम

प्रस, वीरगंज, ८ जेठ/

वीरगंज महानगरपालिका–९ र आमा फाउन्डेशनको आयोजनामा सोमवारदेखि महिलाहरूको लागि आधारभूत ब्युटिशियन तालीम शुरू भएको छ ।




तस्वीरः प्रतीक

फाउन्डेशनकी अध्यक्ष प्रमिता मानन्धरको अध्यक्षतामा भएको तालीमको उद्घाटन निमित्त वडाध्यक्ष गीता मानन्धरले गरेकी थिइन् ।

वडासचिव मुकेश गुप्ताले महानगरले जनताबाट असुल गरेको कर जनताकै सीप विकासमा खर्चेको बताए । उनले महिलाहरूको सीप विकास र रोजगारका लागि तालीम सहायक हुने र यो अवसरको वडाका महिलाहरूले लाभ लिनुपर्ने सुझाए ।

निमित्त वडाध्यक्ष मानन्धरले आधा जनसङ्ख्या भएका महिलाहरू रोजगारयुक्त भएको खण्डमा मात्र समाज र देशको विकास सम्भव हुने बताइन् ।

१५ दिनसम्म सञ्चालन हुने तालीममा वडाका ३० जना महिलाको सहभागिता रहेको छ । तालीममा ममताकुमारी गुप्ता र निशाकुमारी डङ्गोलले प्रशिक्षण दिइरहेका छन् ।

## वीरगंजमा दुई करोडको लगानीमा रेस्टुरेन्ट सञ्चालन

प्रस, वीरगंज, ८ जेठ/

वीरगंजमा सवा दुई कट्ठा क्षेत्रफलमा रु दुई करोडको लगानीमा त्रिशला रेस्टुरेन्ट सञ्चालनमा आएको छ । युवा उद्यमी अनमोल साहले वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कनजीक सञ्चालन गरेको त्रिशला रेस्टुरेन्टको सोमवार वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र वीरगंजका व्यवसायी मुरलीधर रूँगटाले उद्घाटन गरेका थिए । उद्घाटन गर्दै प्रमुख सिंहले सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन सेवासुविधासहितका होटल एवं रेस्टुरेन्टले सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । वीरगंज महानगरपालिकाले पनि सेवासुविधायुक्त होटल, रेस्टुरेन्टलगायतका संरचनामा लगानी गर्न प्रोत्साहन गरिरहेको बताउँदै उनले निरन्तररूपमा चल्ने र अझै लगानी बढाउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए ।





तस्वीरः प्रतीक

त्रिशला रेस्टुरेन्टका सञ्चालक अनमोल साह (दायाँ) ।

स्वच्छ एवं शान्त वातावरणमा ग्राहकहरूले एकै ठाउँबाट धेरै खालका स्वाद चाख्ने गरी त्रिशला रेस्टुरेन्ट सञ्चालन गरिएको सञ्चालक अनमोल साहले बताए । उनका अनुसार रेस्टुरेन्टमा छ सयभन्दा बढी खाजा तथा खानाका परिकारहरू उपलब्ध छन् । सञ्चालक साहले भने, "वीरगंजमा यसअघि सञ्चालित होटल एवं रेस्टुरेन्टहरूभन्दा यहाँ आएपछि ग्राहकहरूले छुट्टै किसिमको अनुभव गर्न पाउनुहुनेछ ।"

"अत्यन्तै शान्त र स्वच्छ वातावरणमा सफा र स्वस्थ खानाका परिकारहरू यहाँ उपलब्ध छन्," उनले थपे, "यहाँ थकाली, मारवाडी, चाइनिज, दक्षिण भारतीयलगायतका विदेशी खानाको पनि व्यवस्था छ । साथै शाकाहारी तथा मांसहारी दुवै किसिमका खाजा एवं खानाका परिकारको लागि त्रिशला रेस्टुरेन्टलाई विकास गर्ने हाम्रो प्रयास छ ।"

त्रिशला रेस्टुरेन्टमा तीनवटा हल छन् । जसमध्ये एउटामा झन्डै एक सयजना अटाउने क्षमता छ भने अर्को हलमा ५० र अर्को सबैभन्दा सानोमा २० जना बस्न सक्छन् । विवाह, व्रतबन्धलगायतका कार्यक्रमहरूको लागि पनि उपयुक्त व्यवस्था रहेको सञ्चालक साहले बताए । भारतको दिल्लीबाट वाणिज्यमा स्नातक गरेका अनमोलले रेस्टुरेन्ट स्थापनाअघि भारतका विभिन्न शहरका रेस्टुरेन्ट, नेपालमा काठमाडौं, पोखरालगायत विभिन्न रेस्टुरेन्टको अवलोकन गरी रेस्टुरेन्ट सञ्चालनमा ल्याएका हुन् । उनको रेस्टुरेन्टमा ३५ जनाले रोजगार पाएका छन् ।

बिहान ८ देखि राति १० बजेसम्म सञ्चालन हुने रेस्टुरेन्टमा लाइभ म्युजिकको व्यवस्था छ । होटल तथा पर्यटन व्यवसायी सङ्घ, वीरगंजका अध्यक्ष हरि पन्त ठूला लगानीका होटल तथा रेस्टुरेन्टहरू खुल्नुलाई सकारात्मकरूपमा लिनुपर्ने बताउँछन् । पर्यटन प्रवर्द्धनमा होटल र रेस्टुरेन्टहरूले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउँदै उनले वीरगंजलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

त्रिशला रेस्टुरेन्टको उद्घाटन कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष गोपाल केडिया, रूँगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रूँगटालगायत उद्योगी, व्यवसायीहरूको सहभागिता थियो ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# ठेकेदारद्वारा गादी खोलामा अवैध उत्खनन

प्रस, पंचगावाँ, ८ जेठ/

पटेर्वासुगौली गाउँपालिका अन्तर्गतको गादी र भलुवाही खोलामा अवैधरूपमा उत्खनन जोडतोडका साथ भइरहेको छ। कार्टिंदैन भने एकै प्रकारका टयाक्टरहरूको पनि घनफिट कम देखाएर



अवैध उत्खनन गरी टयाक्टरमा लोड गर्दै नदीजन्य पदार्थ। तस्वीरः प्रतीक

गादी र भलुवाही खोलामा ठेकेदारले अनधिकृत उत्खनन गरेकाले आसपासका जङ्गलमा रहेका रूखहरू ढल्न थालेका छन्।

जीराभवानी गापासँग खोला विवादका कारण पटेर्वासुगौली गापाले उच्च अदालतको आदेशमा गत २०७९ फागुन २९ गते गादी र सहायक खोला भलुवाहीमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवाको ठेक्का लगाएको थियो। फागुनमा लागेको यो ठेक्का यही जेठ मसान्तसम्मका लागि हो।

अहिले ठेक्का अवधि सकिन लाग्दा गापा कार्यालयले मूअकरसमेत रु ३९ लाख २१ हजार ६२५ मा सात लाख ८१ हजार ५६३ घनफिट नदीजन्य पदार्थ उत्खननका लागि लगाएको ठेक्का वीरगंज महानगर–२७ का न्यू उज्ज्वल निर्माण सेवाले सकार गरेको थियो। अहिले ठेकेदारले तोकिएको परिमाणभन्दा बढी उत्खनन गर्दै आएका छन।

दैनिक ७५ देखि सयवटा टयाक्टरबाट बालुवा, गिट्टी, ढुङ्गा ढुवानी भइरहेका छन्। तर तोकिएको परिमाण सात लाख ८१ हजार ५६३ घनफिट नपुगाउनलाई कतिपय टयाक्टरको पुर्जा रसिद काटने गरिन्छ।

गापाले नदीजन्य पदार्थ उत्खनन गर्दा तीन फिटभन्दा बढी गहिरो गरी उत्खनन गर्न नपाउने शर्त राखे पनि सोविपरीत ठेकेदारले १८ फिटभन्दा गहिरो खाल्डो पारेर नदीजन्य पदार्थ उत्खनन गर्दै आएको सहजै देख्न सकिन्छ।

ठेकेदारले मापदण्डविपरीत जथाभावी खाल्डो खनेर नदीको दोहन गर्दाको परिणाम गादी र भलुवाही आसपासका जङ्गलमा रहेका पुराना सालका रूखहरू ढल्न थालेका छन्। स्थानीयले ठेकेदारको मनोमानीविरुद्ध गापा कार्यालयले केही नबोलेको भन्दै आक्रोश व्यक्त गरेका छन्।

# बहुदरमाईमा जनस्वास्थ्य प्रयोगशाला सञ्चालन

प्रस, पोखरिया, ८ जेठ/

बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासनसाह तेलीले बहुअरी पिडारी जनस्वास्थ्य चौकीमा बहुदरमाई स्वास्थ्य प्रयोगशालाको उद्घाटन गरेका छन्।

प्रदेश र पालिकाको सहकार्यमा उक्त प्रयोगशाला सञ्चालनमा आएको हो। प्रयोगशालाको उद्घाटन कार्यक्रममा नगरप्रमुख तेलीले विभिन्न रोगका परीक्षण अब पालिकाको प्रयोगशालामा हुने र त्यसका लागि बाहिर जानुनपर्ने बताए। उनले प्रयोगशालामा सम्भव भएसम्मको परीक्षण गराउन नगरवासीसँग अनुरोध पनि गरे।



तस्वीरः प्रतीक

उद्घाटन समारोहमा उपप्रमुख सुषमा कुशवाहा, स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्र, सिनियर अहेब वीरेन्द्रप्रसाद साह, सूचना प्रविधि अधिकृत भाष्करकुमार पाण्डेयलगायतको सहभागिता थियो।

## शिक्षक महासङ्घ ...

कालोपट्टी बाँधी साङ्केतिक विरोध प्रदर्शन गरेका थिए।

सोमवार पनि हातमा कालोपट्टी बाँध्नुका साथै शिक्षकहरूले वीरगंज महानगरपालिका कार्यालयअगाडि दिउँसो २ देखि साँझ ५ बजेसम्म धर्ना दिएका थिए। त्यस्तै, मङ्गलवार पुनः वीरगंज महानगरपालिका कार्यालयअगाडि धर्ना बस्ने आन्दोलनको कार्यक्रम रहेको नेपाल शिक्षक महासङ्घले जनाएको छ। मङ्गलवारको शान्तिपूर्ण धर्नाबाट पनि आफूहरूको माग सम्बोधन नभए धर्नास्थलबाटै आन्दोलनको स्वरूप परिवर्तन गर्ने शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवले चेतावनी दिए।

अध्यक्ष यादवका अनुसार जिल्लाका स्थानीय तहहरूले विगत केही महीनादेखि प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरू समेतलाई विभिन्न पूर्वाग्रह, दुराग्रह, राजनीतिक आस्था, भेदभाव तथा व्यक्तिगत कुण्ठाका आधारमा थिचोमिचो गरिरहेका छन्। त्यसैगरी, स्थानीय तह प्रमुखहरूले अनावश्यकरूपमा मानसिक यातना दिने, सरुवाको नाममा आतङ्क मचाउने, आफ्नो आसेपासेलाई मनोमानीरूपमा पद बाँड्ने, स्वेच्छाचारीरूपमा बढुवा, घटुवा गर्दा शिक्षकहरूको मानमर्दन गर्ने गरेको उनले आरोप लगाए।

प्रचलित सङ्घीय शिक्षा ऐन र नियमावली तथा स्थानीय ऐन नियमावलीको बर्खिलाफ कुनै पनि शिक्षक वा विद्यालय कर्मचारीको सरुवा नगर्न, सरुवाको लागि नभई अर्थात् कोही व्यक्तिविशेषको इच्छा, आकाङ्क्षा, स्वार्थ अथवा राजनीतिक आवश्यकता पूर्तिको लागि दबाबको भरमा सरुवा गर्ने कार्य नगर्न, शिक्षकलाई सम्मानित पेशाकर्मीको रूपमा राखी शिक्षकको मर्यादालाई उच्च बनाउन आवश्यक कार्यक्रम ल्याउनेलगायतका माग राख्दै आफूहरू आन्दोलनमा उत्रिएको अध्यक्ष यादवले बताए।

## सामुदायिक विद्यालय ...

गरिएको शिक्षा महाशाखा प्रमुख कर्णले बताए। आज १३ जना शिक्षकसँग स्पष्टीकरण सोधिएको उनले बताए।

माईस्थान विद्यापीठ माविका आठजना, अलौंस्थित द्वारदेवी माविका पाँचजना गरी १३ जना शिक्षकसँग स्पष्टीकरण माग भएको उनले बताए। आज बिहान अनुगमनको क्रममा उनीहरू अनुपस्थित थिए।

अनुगमनको क्रममा अलौंस्थित द्वारदेवी माविले विभिन्न शीर्षकमा विद्यार्थीहरूसँग रकम लिने गरेको पाइएको शिक्षा महाशाखा प्रमुख कर्णले बताए। उनले सो विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीसँग रकम उठाएको पाइएकोले तीन थान रसिदको ठेली नियन्त्रणमा लिएको जानकारी गराए।

उनले महानगरले कुनै पनि शीर्षकमा मावि तहका विद्यार्थीहरूसँग शुल्क नलिन सार्वजनिक सूचना जारी गरेको विपरीत सो विद्यालयले शुल्क लिएको पाइएकोले प्रधानाध्यापकलाई कारबाही गरिने बताए।




# खेलकूदको संसार

## उज्वेकिस्तानले श्रीलङ्कालाई हरायो

काठमाडौं, ८ जेठ/रासस

एनएससी–काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगितामा उज्वेकिस्तानले श्रीलङ्कालाई पराजित गरेको छ।

राष्ट्रिय खेलकूद परिषद् (राखेप)को सहयोग तथा नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगितामा उज्वेकिस्तानले श्रीलङ्कालाई ३–० को सोझो सेटमा पराजित गरेको हो। यस जीतसँगै उज्वेकिस्तानले शीर्ष तीन अङ्क जोडेको छ।



काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा आजदेखि शुरु हुने 'एनएससी–काभा महिला भलिबल च्यालेन्ज कप २०२३' कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत सहभागी। तस्वीरः रासस

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आज भएको पहिलो खेलमा उज्वेकिस्तानले पहिलो सेट २७–२५, दोस्रो सेट २५–२० र तेस्रो तथा अन्तिम सेट २५–१४ ले आफ्नो पक्षमा पार्‍यो। आजदेखि सुरुआत भएको उक्त प्रतियोगितामा विभिन्न आठ राष्ट्रको सहभागिता रहेको छ।

प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का, किर्गिस्तान, उज्वेकिस्तान र काजकिस्तानको सहभागिता रहेकामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा नेपाल, भारत, बङ्गलादेश र किर्गिस्तान छन् भने समूह 'बी'मा श्रीलङ्का, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान रहेका छन्।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा नेपाली राष्ट्रिय क्रिकेट टोली सम्मानित

काठमाडौं, ८ जेठ/रासस

राष्ट्रिय वाणिज्य बैंकले नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई सम्मानका साथै जनही रु एक लाखद्वारा पुरस्कृत गरेको छ।




सोमवार बैंकले एक कार्यक्रममा क्रिकेट खेलाडीसँगै प्रशिक्षकलाई सम्मान गरेको हो। त्यस्तै, टीम अफिसियलहरूलाई जनही रु ५० हजारले पुरस्कृत गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नेपाली क्रिकेट टोलीको प्रशंसा गर्दै आगामी दिनमा थप उचाइ प्राप्त गर्न शुभकामना दिए।

उनले भने, "पछिल्लो समय नेपाली क्रिकेटले प्राप्त गरेको सफलता अभूतपूर्व छ। अबको यात्रा झन् कठिन र सङ्घर्षपूर्ण छ, त्यस यात्रामा यहाँहरूले हिजोको भन्दा बढी मेहनत र कठिन परिश्रम गरेर फेरि पनि राष्ट्रको नाम उच्च बनाउन यही कार्यक्रमबाट शुभकामना व्यक्त गर्छौं।"

नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले बैंकसँगको सहकार्य र खेलाडी सम्मानले हौसला प्राप्त गरेको बताए।

"राष्ट्रिय वाणिज्य बैंक आफैंले सम्झेर खेलाडीहरूको हौसला बढाउने शुभ कार्य थालनीका लागि सङ्घका तर्फबाट आभार प्रकट गर्छौं। यहाँहरूको साथले नेपालको क्रिकेटले थप उचाइ प्राप्त गर्नेछ," उनले भने। उनले खेलाडीसँगै खेलाडी छनोटकर्ता र प्रशिक्षकप्रति पनि आभार प्रकट गरे।

राष्ट्रिय वाणिज्य बैंकले गत बुधवार नै नेपाली राष्ट्रिय क्रिकेट टोलीका नेपाली टोलीलाई नगद राशिसहित सम्मान गर्ने घोषणा गरेको थियो।

## चटयाङको समयमा सतर्क रहौं

चटयाङबाट बच्ने उपाय

- बिजुली चम्केको बेला सतर्क रहने
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँ भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार

विज्ञापन बोर्ड